## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल भाद्र ४ गते बुधबार बैठकबाट भएका निर्णयहरु

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको बेहोरा</th></tr>
<tr><td>१.</td><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>संघबाट प्रदेशमा खटिई आउने राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई कर्णाली प्रदेश सरकारले प्रदेश सचिवको रुपमा कामकाजमा खटाउन कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३७ को उपदफा (१) बमोजिम प्रदेश सरकारको अधिकार माननीय मुख्यमन्त्रीज्यूलाई प्रत्यायोजन गरी सोको सूचना कर्णाली प्रदेश राजपत्रमा प्रकाशन गर्ने।</td></tr>
<tr><td>२.</td><td>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय</td><td>यसैसाथ संलग्न "उच्च मूल्य कृषि वस्तु उत्थानशील कार्यक्रम (Resilient High Value Agricultural Programme -R-HVAP) को प्रदेशस्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय, सुर्खेत तथा जुम्ला र जाजरकोट जिल्लामा करिडोर कार्यालय (Corridor Office- COs) को स्थापना र सो कार्यालयहरुको आ.व.२०८२।८३ को लागि तयार गरिएको अस्थायी संगठन संरचना र दरबन्दी" स्वीकृत गर्ने।</td></tr>
<tr><td>३.</td><td>सामाजिक विकास मन्त्रालय</td><td>प्रदेश अस्पताल, सुर्खेतमा कार्यरत तपसिल बमोजिमका वरिष्ठतम कर्मचारीमध्येबाट उपयुक्ताको क्रममा रहेका मध्ये एक (१) जनालाई कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २४ को उपदफा (१) बमोजिम अस्पताल निर्देशक पदको जिम्मेवारी तोक्ने।
<table>
<tr><th>क्र.स.</th><th>नाम, थर</th><th>पद</th><th>तह</th><th>हालको तहमा नियुक्ति मिति</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>डा. गणेश थापा</td><td>प्रमुख मेडिकल सुपेरिन्टेन्डेन्ट</td><td>११ (एघारौं)</td><td>२०७४/११/०५</td><td>कामकाज</td></tr>
</table>
</td></tr>
</table>